चिचिला गाउँपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ९ | सङ्ख्याः १ | मितिः २०८२/०१/०८

भाग-२

चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# आदिवासी जनजाति सूचीकरण कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/०५

प्रमाणीकरण मितिः २०८२/०१/०७

प्रकाशन मितिः २०८२/०१/०८

चिचिला गाउँपालिका

**<u>प्रस्तावनाः</u>** आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित ६० जनजाति बाहेकका अन्य जनजातिहरूको पनि अभिलेखीकरण गर्न तथा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,
गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त, नाम र</u>** <u>प्रारम्भः</u> (१) यो कार्यविधिको नामः "आदिवासी जनजाति सूचीकरण कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आदिवासी जनजाति" भन्नाले आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनु पर्दछ ।

(ख) "आदिवासी जनजाति कार्य समूह" भन्नाले गाउँपालिका भित्रका आदिवासी जनजातिको सूची निर्धारण गर्नका लागि गाउँपालिकाले नियुक्ति गरेको ३ सदस्यीय व्यक्तिहरूको कार्य समूह सम्झनु पर्दछ । उप्रान्त यसलाई "कार्य समूह" भनिनेछ ।

(ग) "कार्यपालिका" भन्नाले चिचिला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ अनुरूप गठित चिचिला गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(च) "संयोजक" भन्नाले आदिवासी जनजाति कार्य समूहको संयोजकलाई सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले आदिवासी जनजाति कार्य समूहको सदस्यलाई सम्झनु पर्दछ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको, कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

चिचिला गाउँपालिका

## परिच्छेद-२

## उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** दफा २ को उपदफा (१) बमोजिम मापदण्डहरू पुगेका गाउँपालिका भित्रका आदिवासी जनजातिहरूको सूचीकरण गरी संविधान प्रदत्त मानव अधिकार समावेशी समानुपातिक रूपमा उपभोग गर्ने व्यवस्था गर्नु गराउनु यस कार्यविधिको उद्देश्य रहेको छ ।

## परिच्छेद-३

## कार्य समूहको गठन, नियूक्ति तथा सेवा सुविधा

४. **आदिवासी जनजाति कार्य समूहको गठनः** (१) आदिवासी जनजातिका रूपमा सूचीकृत हुन बाँकी गाउँपालिका भित्रका आदिवासी जनजातिहरूको सूचीकरण सम्बन्धी कार्य गर्न एक कार्य समूहको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य समूहको संयोजक गाउँपालिकाको उपाध्यक्ष रहनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्य समूहमा देहायका व्यक्तिहरू सदस्य रहनेछन्

(क) भाषा, संस्कृति, इतिहा सम्बन्धी विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कम्तीमा २ वर्ष अध्यापन सम्बन्धी अनुभव प्राप्त गरेको भाषाशास्त्री वा इतिहासविद् एकजना - सदस्य

(ख) समाजशास्त्र वा मानवशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको समाजशास्त्री वा मानवशास्त्री एकजना - सदस्य

५. **कार्य समूह सदस्यहरूको नियुक्तिः** (१) गाउँपालिकाको उपाध्यक्ष कार्य समूहको पदेन संयोजक हुनेछ ।

(२) कार्य समूहको अन्य २ जना सदस्यहरूको नियुक्ति गाउँपालिकाको अध्यक्षले अनुसूची-१ बमोजिम गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त सदस्यहरूसँग अनुसूची-३ बमोजिमको करार सम्झौता गरिनेछ ।

६. **कार्य समूहको सेवा सुविधाः** (१) संयोजक बाहेकको कार्य समूहका सदस्यहरूको सेवा सुविधा अधिकृत तहको सुनिश्चित गरिनेछ ।

(२) कार्य समूहको कार्यसम्पादन गर्न गराउन गाउँपालिकास्तरमा बैठक तथा कार्यशाला गोष्ठी लगायतको कार्य सम्पन्न गराउन खाजा तथा नास्ता व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## परिच्छेद ४

## कार्यक्षेत्र तथा अधिकार

७. **कार्यसमूहको कार्य क्षेत्र तथा अधिकारः** (१) कार्य समूहको कार्यक्षेत्र र अधिकार देहाय बमोजिम रहनेछन्

(क) कार्यविधिको परिभाषामा निर्धारित मापदण्डहरूका आधारमा आदिवासी जनजातिको सूची सहित प्रतिवेदन निर्माण गरी गाउँपालिकामा आदिवासी जनजाति सूचीकरणका लागि सिफारिस गर्ने ।

(ख) कार्य समूहको कार्ययोजना कार्यान्वयन गर्न कार्य समूहले एक कार्यपात्रो (Working Calendar) तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई सोही कार्यपात्रोमा तोकिएको समयावधि भित्र अध्ययन कार्य सम्पन्न गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्ने छ ।

(ग) कार्य समूहको समयावधि गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ । कार्य सम्पन्न गर्ने अवधि एक महिनाको हुनेछ । आवश्यकता अनुसार औचित्य पुष्टि गरी कार्यपालिकाले समय अवधि थप गर्न सक्नेछ ।

(घ) चिचिला गाउँपालिकाभित्रका मापदण्ड पुगेका जानजाति वा समुदायहरूबाट अनुसूची-३ बमोजिम सूचिकरणका लागि आवश्यक सूचना (जातिगत विवरण) सहित आवेदनको माग गर्न सक्नेछ ।

(ङ) सूचीकरण प्रक्रियाको सूचना प्रभावकारी रुपमा प्रवाहका लागि स्थानीय आम सञ्चारका साधन सञ्चारकर्मीको प्रयोग वा सार्वजनिक स्थानमा सूचना टाँस गर्न सक्नेछ ।

(च) कार्य समूहको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि स्टेशनरी लगायत प्रतिवेदन तयारका लागि आवश्यक विद्युतीय सामग्री कार्य सम्पन्न अवधि सम्म गाउँपालिकालाई माग गर्न सक्नेछ।

(छ) कार्य समूहको कार्य प्रभावकारी रुपमा गर्न गाउँपालिकाले उपयुक्त स्थानको व्यवस्था गर्नेछ ।

(ज) कार्य समूहले आदिवासी गाउँपालिकासँग सम्बन्ध र समन्वय राखी कार्य गर्नुपर्नेछ ।

(झ) आवश्यकता अनुसार विभिन्न वडाहरूमा पुगि जातीय समूहमा आदिवासी जनजाति सूचिकरण कार्यशाला गोष्ठी संचालन तथा उपयुक्त माध्यमबाट आदिवासी जनजातिहरूको सूचीकरणका लागि सुझाव संकलन गर्ने ।

(ञ) आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को सूचिकरण सम्बन्धीको मापदण्ड तथा अन्तर्राष्ट्रिय आदिवासी जनजाती मापदण्डको आधारमा अध्ययन गरी गाउँपालिकामा बसोबास गरेका आदिवासी जनजातिहरूको सूचीकरणका लागि प्रतिवेदन सहित सिफारिस गर्ने ।

८. **कार्य समूहको प्रतिवेदनको अनुमोदनः** (१) कार्य समूहको प्रतिवेदनमा आदिवासी जनजातिका रूपमा सूचीकृत गर्न सिफारिस गरिएका सूची सहितका प्रतिवेदनलाई गाउँपालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाबाट प्रतिवेदन अनुमोदन भएपछि प्रतिवेदनमा आदिवासी जनजाति सूचीकरणका लागि सिफारिस गरिएका आदिवासी जनजातिका सूची वेवसाईटमा सार्वजनिक गर्नुपर्नेछ । तत्पश्चात स्वतः कार्यान्वयन हुनेछ ।

९. **थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

अनुसूची-१

(दफा २ र ३ सँग सम्बन्धित)

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा

कोशी प्रदेश

मितिः

च.न.

प.स.

श्री.... .....

.... ......

विषयः नियुक्ति सम्बन्धमा ।

तपाईंलाई मिति...... गतेको निर्णयानुसार आदिवासी जनजाति सूचीकरण कार्यविधि, २०८२ बमोजिम कार्य समूह सदस्य पदको लागि यसै साथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०... देखि २० .... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरूप आफ्नो काम इमान्दारीतापूर्वक र व्यवशायिम मूल्य मान्यता अनुरूप कार्य सम्पन्न गर्नुहुन नियुक्ति गरिएको ब्यहोरा अनुरोध छ ।

आफ्नो काम कर्तव्य पालनामा उत्कृष्ट कार्य सम्पादन गर्नुहुनेछ भन्ने विश्वासका साथ आदिवासी जनजाति सूचीकरण कार्य समूह सदस्यमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई सहित शुभकामना व्यक्त गर्दछु ।

...........

अध्यक्ष

चिचिला गाउँपालिका

<u>बोधार्थः</u>

श्री प्रमुख प्रशासकीय अधिकृतः कार्य समूहलाई कार्य गर्न आवश्यक सहयोग एवं प्रशासकीय व्यवस्थापन उपलब्ध गराउनुहुन ।

श्री आर्थिक प्रशासन शाखा ।

चिचिला गाउँपालिका

अनुसूची २

## करार सम्झौताको नमूना

## करार सम्झौता

चिचिला गाउँपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र .. ....... जिल्ला.... ....... गाउँपालिका, वडा नं. ... बस्ने श्री ....... ....... (यस पछि दोस्रो पक्ष भनिएको) का बीच चिचिला गाउँपालिकाको आदिवासी जनजाति सूचीकरण कार्यविधि, २०८२ को कार्य समूह सदस्य पदमा कामकाज गर्न गराउन मिति ...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझिलियौं/ दियौं ।

१. **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार तपसिलमा उल्लेखित काम गर्नुपर्नेछ ।

(क) आदिवासी जनजातिहरूसँग सम्बन्धित विषयका पूर्व प्रकाशित कृतिहरू लेख रचना तथा ऐतिहासिक आलेख एवं सम्बद्ध अन्य सामग्रीहरूको अध्ययन गर्ने र आवश्यकता अनुसार आवश्यक स्थलगत भ्रमण गरी कार्य सम्पन्न गर्ने ।

(ख) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा उल्लेखित आदिवासी जनजाति सूचीकरणको लागि मापदण्ड अनुसारको कार्य गर्न निर्देशित भै सूचीकरणका लागि भै आए जातीय संस्था सामाजिक समूहहरूको मागका सम्बन्धमा समेय विशेष ध्यान दिई कार्य सम्पन्न गर्ने ।

(ग) आदिवासी जनजातिहरूको सम्बन्धमा इतिहास, संस्कृति, भाषा तथा अन्य मादण्डको आधारमा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) विभिन्न आदिवासी जनजातिका प्रतिनिधिमूलक संघ संस्था, सरोकारवालाहरू तथा विषयविज्ञहरूसँग परामर्श, छलफल तथा अन्तक्रिया गरी कार्य सम्पन्न गर्ने ।

(ङ) गाउँ कार्यपालिकाले स्वीकृत गरेका आदिवासी जनजाति सूचीकरण कार्यविधि, २०८२ अनुसार कार्य सम्पन्न गरी गाउँ कार्यपालिकालाई प्रतिवेदन पेश गर्ने ।

२. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** कार्य सम्पन्न प्रतिवेदन पेश भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई एक महिनाको रा.प.तृतीय स्तर स्केल तलब

बराबरको एकमुष्ट रकम उपलब्ध गराउनेछ । अन्य भत्ता (दैनिक भ्रमण भत्ता, मंहगी भत्ता, यातायात खर्च लगायतका) सेवा सुविधा उपलब्ध हुनेछैन ।

३. **बिदाः** दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुनेछैन । साथै, कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम गरेबापत मासिक करार रकमको दामासाही रकम दोस्रो पक्षलाई दिईने छैन ।

४. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तीको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ती वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

५. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी समान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्तिलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

६. **करार अवधिः** नियुक्ति भएको मितिले एक महिना सम्मको लागि हुनेछ ।

७. **प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

गाउँपालिकाको तर्फबाट
हस्ताक्षरः
नामः
पदः गा.पा. अध्यक्ष

दोस्रो पक्षको तर्फबाट (करार गर्ने व्यक्ति)
हस्ताक्षरः
नामः
पदः

रोहबर

हस्ताक्षरः
नामः
पदः प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

**आदिवासी जनजाति सूचीकरण कार्यसमूहको सूचना**

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा

**<u>आदिवासी जनजाति सुचिकरण कार्य समूहको अत्यन्त जरूरी सूचना ।</u>**

यस चिचिला गाउँपालिकाको आदिवासी जनजातिहरूको सूचीकरण गर्ने उद्देश्यले चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको मिति..... गते बसेको ... औं कार्यपालिकाको बैठकबाट आदिवासी जनजातिहरूको सूचीकरण कार्यविधि, २०८२ अनुमोदन भए बमोजिम आदिवासी सूचीकरणका लागि अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्न गाउँपालिका उपाध्यक्ष एवं आदिवासी जनजातिको सूचीकरण कार्य समूहको संयोजक श्री .... को संयोजकत्वमा ३ सदस्यीय कार्यसमूह गठन भई कार्यसमूहको कार्य प्रारम्भ गरसकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

आफूलाई आदिवासी जनजाति हो भनी सूचीकरण गर्न गराउन चाहने र छुट्टै पहिचानको माग गर्ने सामाजिक, सांस्कृतिक समुदायहरूले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न विशेषताहरूलाई समेत आधार मानी औपचारिक रूपमा आवेदन दिन सूचित गरिन्छ ।

संयोजक

आदिवासी जनजाति सूचीकरण कार्य समूह

**<u>विशेषताहरू</u>**

१. साझा भाषाको मान्यता,
२. साझा आर्थिक जीवनशैली तथा उत्पादन सम्बन्ध,
३. सांस्कृतिक एकरूपता र साझा भूगोल,
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत/मान्य परिभाषा,
५. साझा पहिचान,
६. साझा इतिहास लिखित/अलिखित,
७. धर्म, संस्कृति तथा मूल्य मान्यता,
८. यसका अतिरिक्त आफ्नो जातीय पहिचानको विशिष्ट आधारहरू भएमा सो समेत विस्तृत जानकारीको लागि कार्यसमूहको कार्यालय गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**आवेदन पठाउने ठेगाना**
चिचिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिचिला, सङ्खुवासभा
ईमेलः chichilagaunpalika@gmail.com

**प्रमाणीकरण मितिः** २०८२/०१/०७

**आज्ञाले,**
**सन्तोष राई**
**चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ।**

चिचिला गाउँपालिका

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन नं.०१-४२००३३२

पत्र संख्या: २०७५/७६

चलानी नं. ९४५

२०७६।०१।०४

विषयः राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सम्वन्धमा।

श्री स्थानीय तह सवै

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. मा.अ.।७२१।६८२४, मिति २०७५।१२।१४ को पत्रानुसार आदिवासी तथा जनजाति सम्वन्धि महासन्धि, १९८९ को पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा मानव अधिकार आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्वन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको २०७५ मंसिर १२ को निर्णय अनुसार नेपाल सरकारलाई भएको सिफारिस यसै पत्रसाथ संलग्न छ । उक्त पत्रमा उल्लेखित तहां कार्यालयसंग सम्वन्धित सिफारिस कार्यान्वयन गरि मानव अधिकार आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

वोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

श्री राष्ट्रिय मानव अधिकार आयोग,

श्री सूचना तथा प्रविधि शाखा : website मा पत्र upload गरिदिनुहुन ।

२०७६।०१।०५

सुभद्रा सुवेदी

(शाखा अधिकृत)

स्वास सास्तु ४१/


नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
मानव अधिकार शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या :- ०७५/०७६
च.नं. :- मा.अ./७२१/६८२४

मितिः २०७५।१२।१४

विषय : सिफारिस कार्यान्वय गर्ने सम्बन्धमा।

श्री गृह मन्त्रालय,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,
श्री वन तथा वातावरण मन्त्रालय,
श्री भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १६४६६
मिति:- ०७५।१२।१८

उपरोक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको च.नं. १७४२ मिति २०७५।१२।०४ गतेको पत्र मार्फत आदिवासी तथा जनजाति सम्बन्धी महासन्धी, १९८९ (ILO Convention No. 169) को पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा यस आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको मिति २०७५ मंसिर १२ को निर्णय अनुसार नेपाल सरकारलाई भएको सिफारिस यसै पत्रसाथ संलग्न छ। उक्त पत्रमा उल्लेखित तहाँ मन्त्रालयसँग सम्बन्धित सिफारिस कार्यान्वयन गरि यस कार्यालय र मानव अधिकार आयोगलाई जानकारी गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

**संलग्नः** (१) आयोगको च.नं. १७४२ मिति २०७५/१२/४ को पत्रको फोटोकपी ।

**बोधार्थः**
श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, ललितपुर।

(विश्वदीप वेस्रा)
शाखा अधिकृत


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


पत्र संख्या २०७५/०७६

च.नं.: TMD १६८२

मिति : २०७५/१२/४

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. १८८६१
२०७५/१२/१२

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

**विषय : सिफारिस गरिएको वारे ।**

उपरोक्त सम्बन्धमा आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ (ILO Convention No. 169) को नेपाल पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा यस आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको २०७५ मंसीर १२ को निर्णयानुसार नेपाल सरकारलाई भएको सिफारिस कार्यान्वयनका लागि आयोगबाट सम्पन्न भएको **"महासन्धि नं. १६९ कार्यान्वयन अवस्था"** अध्ययन प्रतिवेदन यसै सिफारिस साथ संलग्न गरी पठाइएको छ ।

अतः आयोगको निर्णयानुसारको तपसिल बमोजिमका सिफारिसहरू कार्यान्वयन गरि सो को जानकारी यस आयोगलाई गराई दिन हुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

१. आदिवासी जनजातिसम्बन्धी कानून, नीति, नियम निर्माण गरिँदा उनीहरूको प्रतिनिधिको स्वतन्त्र र सक्रिय सहभागिताको अधिकार प्रत्याभूत गर्न,
२. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) प्रतिकुल रहेका विद्यमान कानुनी व्यवस्थाहरूलाई महासन्धि अनुकुल संशोधन वा परिमार्जन गर्न र महासन्धि कार्यान्वयनका लागि आवश्कताअनुसार नयाँ कानुन निर्माण गरी राज्यका सङ्घ, प्रदेश र स्थानीय तहमा समान ढङ्गले कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउन,
३. विकास तथा भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको आदिवासी जनजाति वा स्थानीय समुदायको संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी उनीहरूको अधिकार संरक्षणको प्रत्याभूत गर्न वा गराउन,
४. आदिवासी जनजातिसम्वन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युनड्रिप), २००७ ले अवलम्बन गरेको स्वतन्त्र, पूर्वसुसूचित र सहमति (Free, Prior and Informed Consent-FPIC) सम्बन्धी अवधारणा लागू गर्न उपयुक्त संरचनाको निर्माण गरी लागू गर्न ।


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


५. महासन्धि नं. १६९ कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना (National Action Plan for the Implementation of the ILO Convnetion No. 169 ) यथाशीघ्र स्वीकृत गरी कार्यान्वयन गर्न,
६. आदिवासी जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२ अनुसार सबै जिल्लामा स्थापित जिल्ला समन्वय समितिलाई राज्यको वर्तमान संरचना अनुकुल बनाउन,
७. नेपालको संविधान धारा ५६(५) अनुसार स्वायत्त, संरक्षित र विशेष क्षेत्रको अवधारणा कार्यान्वयन गर्न गराउन,
८. लोपोन्मुख आदिवासी जनजातिहरूको भाषा, संस्कृतिको संरक्षणका लागि विशेष कार्यक्रम तर्जुमा गरी ती समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायतको विकास गर्न समुदाय तथा महिलासमेतको अर्थपूर्ण सहभागिता रहने गरी विशेष कार्यक्रम लागू गर्ने गराउने व्यवस्था मिलाउन,
९. भूमि, वन र वन्यजन्तु संरक्षणसम्बन्धी कानुनलाई आदिवासी जनजातिको अधिकार संरक्षण हुने गरी पुनरावलोकन गर्न गराउन,
१०. वन्यजन्तु आरक्ष तथा सिकार आरक्षको स्थापना तथा सञ्चालन गर्दा आदिवासी जनजातिको स्व-व्यवस्थापन/सहव्यवस्थापन लगायतको अधिकार संरक्षणसम्बन्धी व्यवस्था मिलाउन,
११. तथ्याङ्क विभागबाट जनगणना गरिँदा नेपालका सबै समुदाय सँगै लोपोन्मुख, अपाङ्गता भएका आदिवासी जनजाति समेतको खण्डीकृत तथ्याङ्क प्राप्त हुने व्यवस्था मिलाउन,
१२. लोपोन्मुख, महिला, अपाङ्गता भएका आदिवासी जनजातिका लागि विशेष कानुनको निर्माण गरी राज्यको सेवामा उनीहरूको प्रभावकारी पहुँच सुनिश्चित गर्न,
१३. सङ्घ, प्रदेश र स्थानीय सरकारबाट बजेट बाडफाँट गर्दा आदिवासी जनजातिको लागि समेत समानुपातिक रुपमा लैङ्गिकमैत्री बजेट बाडफाँटको व्यवस्था मिलाउन,
१४. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ बमोजिमको सूचीमा सूचीकृत र सूचीकृत हुन बाँकी आदिवासी जनजातिहरूको विषयमा पुनरावलोकन गरी छुट भएकाहरूलाई सूचीकृत गर्न गराउन ।
१५. संवैधानिक अङ्ग र निकायमा नियुक्ति गर्दा नेपालको संविधानको धारा २८३ अनुसार समानुपातिक समावेशी सिद्धान्तबमोजिम नियुक्ति हुने व्यवस्था मिलाउन ।

(वेदप्रसाद भट्टराई)
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org